**नेचासल्यान गाँउपालिकाको गाउँसभामा २०८० साल आषाढ ३० गते उपाध्यक्ष श्री विना राईज्यूद्वारा प्रस्तुत**

# आर्थिक वर्ष २०८०/०८१ को संशोधन बजेट बक्तव्य

## नेचासल्यान गाउँपालिका

**नेचावेतघारी, सोलुखुम्बु**
**कोशी प्रदेश, नेपाल**

## सम्मानित गाउँसभाका अध्यक्ष तथा सदस्यहरु ज्यूहरु,

१। नेचासल्यान  गाँउपालिकाको आगामी आर्थिक वर्ष २०८०/०८१ को अनुमानित बजेट १२ औं गाँउसभाको पहिलो अधिवेशनमा मिति २०८० साल आषाढ ९ गते प्रस्तुत भइसकेको छ।  प्रस्तुत अनुमानित बजेट **रु. ४६ करोड ६७ लाख ७१ हजार** माथि गाँउपालिकाको विषयगत समिति तथा यसै गाउँसभाको अधिवेशनमा छलफल हुँदा उक्त अनुमानित बजेट माथि केही संशोधन गर्न आवश्यक देखिएकोले संशोधन बजेट पेश गर्न अनुमति चाहन्छु। संशोधन बजेट पेश गर्ने यस अवसरमा देश  र जनताको निम्ति जीवन अर्पन गर्नु हुने ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धासुमन अर्पण गर्न चाहन्छु। साथै सामाजिक न्याय, आर्थिक सम्मुन्नति, राजनीतिक परिवर्तनका लागि संघर्ष गर्न ुहुने नेपाली जनता र नेतृत्व गर्नुहुने शिखर व्यक्तित्वहरु प्रति आभार प्रकट गर्न चाहन्छु।

२। नेचासल्यान गाउँपालिकाको आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा गाउँपालिका भित्रका जनताको सर्वोपरी हीतलाई केन्द्र बिन्दुमा राखी नेपालको संविधान, संघ र प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट सीमा, नेचासल्यान गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रम, दीगो विकासको लक्ष्य आदिलाई आधारको रुपमा लिइएको छ। साथै स्थानीय सामाजिक संघ संस्था, बुद्धिजिवी, राजनीति कर्मी, भद्र भलाद्मी आदिको सुझावहरुलाई पनि मार्गदर्शनको रुपमा लिइएको छ।

## सम्मानित अध्यक्ष ज्यु,

३। नेचासल्यान गाउँपालिकाको वर्तमान आर्थिक स्थितिको सामान्य जानकारी र बजेटको उद्देश्य र प्राथमिकता यस अघि नै सम्मानित गाउँसभा समक्ष पेश गरिसकिएको छ।

४। नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेटका श्रोतहरु देहायबमोजिम रहेका छ :

क) संघीय सरकार वित्तिय समानिकरण रु. ११ करोड २९ लाख।

ख) संघीय सरकार सशर्त अनुदान रु. २३ करोड ५ लाख।

ग) संघीय सरकार राजश्व बाँडफाँड रु. ५ करोड ९८ लाख ३८ हजार।

घ) संघीय सरकार विशेष अनुदान रु. १ करोड १० लाख।

ङ) संघीय सरकार समपुरक अनुदान रु. ८० लाख।

च) कोशी प्रदेश सरकार वित्तिय समानिकरण रु. ७१ लाख ९२ हजार।

छ) कोशी प्रदेश सरकार शसर्त अनुदान रु. ३२ लाख ७५ हजार।

ज) कोशी प्रदेश सरकार राजस्व बाँडफाड रु. २० लाख ६६ हजार।

झ) कोशी प्रदेश सरकार  समपुरक अनुदान रु. ६० लाख।

ञ) आन्तरिक श्रोत रु. १ करोड १९ लाख ५४ हजार।

ट) स्थानीय सञ्चित कोषमा रहेको मोज्दात रकम रु. ९० लाख ९३ हजार।

ठ) गैरसरकारी संघसंस्थाहरुको वार्षिक स्वीकृत कार्यक्रम संस्थाले पेश गरेको कार्यक्रम बमोजिम सञ्चालन हुनेछ।

५। उल्लिखित बजेटका श्रोतहरुको आधारमा नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को कुल बजेट रु. ४६ करोड १८ लाख १८ हजार रहेको छ।

६। कार्यक्रम तर्जुमा र बजेट विनियोजन गर्दा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समय सीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन,

लैंगिक तथा सामाजिक समावेशीकरण, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको प्रतिबेदन, राजस्व परामर्श समितिका प्रतिबेदन, वडागत योजना प्राथमिकिकरण जस्ता विषयलाई प्राथमिकतामा राखिएको छ ।

**७।** अब म आगामी आर्थिक वर्ष २०८०/०८१ को लागि गाँउ कार्यपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखाहरुको लागि बजेट विनियोजन प्रस्तुत गर्न चाहन्छु ।

**८।** आ.व. २०८०/०८१ को शसर्त कार्यक्रमको लागि ***रु. २३ करोड ३७ लाख ७५ हजार*** विनियोजन गरिएको छ । शसर्त तर्फको कार्यक्रमहरु संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन र कार्यक्रम कार्यान्वयन पुस्तिका बमोजिम कार्यान्वयन गरिनेछ ।

**९।** संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रमहरु संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित कार्यक्रम सञ्चालन सम्बन्धी मार्गदर्शन बमोजिम सञ्चालन गरिनेछ ।

**१०।** संघीय सरकारबाट हस्तान्तरण भएको रु. १ करोड १० लाखको विशेष अनुदान संघीय सरकारको विशेष अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन हुनेछ ।

**११।** संघीय सरकारबाट हस्तान्तरण भएको रु. ८० लाखको समपुरक अनुदान संघीय सरकारको समपुरक अनुदान कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन हुनेछ ।

**१२।** प्रदेश सरकारबाट हस्तान्तरण भएका समपुरक अनुदान रु. ६० लाखको प्रदेश समपुरक कार्यक्रम सञ्चालन सम्बन्धी कार्यविधि बमोजिम सञ्चालन गरिनेछ ।

**१३।** आ.व. २०८०/०८१ को लागि चालू खर्च तर्फको विनियोजन देहायबमोजिम रहेको छः

क) आ.व. २०८०/०८१ को लागि चालू खर्च अन्तर्गत प्रशासनिक तर्फको कार्यक्रमको लागि ***रु. १० करोड २ लाख ८१ हजार ५ सय*** विनियोजन गरिएको छ । यो कूल विनियोजन रु. २० करोड ३० लाख ४३ हजारको ४९.३८ प्रतिशत हो । प्रशासनिक तर्फको बजेट विनियोजन **अनुसूची-१** मा उल्लेख गरिएको छ ।

**१४।**आ.व. २०८०/०८१ को लागि वडा कार्यालय तथा गाउँपालिकाको कार्यक्रम तथा विकास बजेट सम्बन्धी विनियोजन देहायबमोजिम रहेको छ ।

क) प्रत्येक वडा कार्यालयलाई रु. ५५ लाखको दरले एकमुष्ट रु. २ करोड ७५ लाख विनियोजन गरिएको छ ।

ख) आ.व. २०८०/०८१ मा नेचासल्यान गाउँपालिकाको गौरवका आयोजना, दीर्घकालीन महत्वको आयोजना तथा कार्यक्रमहरुको लागि **रु. ७ करोड ५२ लाख ६१ हजार ५ सय** विनियोजन गरिएको छ । वडा कार्यालय तथा गाउँपालिकाको कार्यक्रम तथा विकास बजेट सम्बन्धी विनियोजन **अनुसूची-२** मा उल्लेख गरिएको छ

**१५।** अब म नेचासल्यान गाँउपालिकाको आ.व. २०८०/०८१ को योजना तथा कार्यक्रमहरुको विनियोजन सम्बन्धीको बजेट बक्तव्य प्रस्तुत गर्न चाहन्छु ।

## पूर्वाधार विकासः

**१६।** संघीयता कार्यान्वयन भएको छैटौँ वर्षमा प्रवेश गरिसक्दा पनि गाउँपालिकाको आफ्नो सुविधासम्पन्न प्रशासनिक भवन नहुँदा गाउँपालिकाले वितरण गर्ने सेवा प्रभावित बनेको छ । गाउँपालिकाले वडा नं. ३ मा रहेको बिहिबारे बजारमा नेचासल्यान गाउँपालिकाको प्रशासनिक भवन निर्माण गर्ने निर्णय अनुरुप प्रशासनिक भवनको डिपिआर तयार भइसकेको छ । नेचासल्यान गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि रु.१ करोड ५० लाख विनियोजन गरिएको छ ।

१७। गाउँपालिकाका वडा तर्फको प्रशासनिक भवन वडा कार्यालय निर्माणलाई निरन्तरता दिइएको छ। वडा नं. ४ को वडा कार्यालय निर्माणको अन्तिम चरणमा पुगेको छ भने वडा नं. १ र वडा नं. ५ को वडा कार्यालय भवन निर्माणधिन अवस्थामा रहेका विदितै छ। वडा कार्यालय भवन निर्माणको लागि रु. ४० लाख विनियोजन गरिएको छ।

१८। गाउँपालिका भित्रका मूख्य सडक मार्गहरुको मर्मत र स्तरोन्नतिको लागि बजेटको व्यवस्था गरिएको छ। बाह्रै महिना सडक सफाईको लागि प्रत्येक वडामा २ जनाको दरले सडक हेरालुको व्यवस्था गरिएको छ।

१९। गाउँपालिकाले निर्माण कार्य थालनी गरेको गाउँपालिका भित्रको गुम्बा तथा सामुदायिक भवनहरुको निर्माण कार्यलाई यसै वर्ष सम्पन्न गर्ने लक्ष्य लिएको छ। सामुदायिक भवनहरुको निर्माण सम्पन्नको लागि बजेटको व्यवस्था गरिएको छ।

२०। पूर्वाधार विकास तर्फ ३ करोड ९४ लाख ५० हजार विनियोजन गरिएको छ। संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरण भएको शसर्त तर्फको पूर्वाधार विकास संघीय सरकार र प्रदेश सरकारको मार्गदर्शन बमोजिम सञ्चालन गरिनेछ।

## आर्थिक विकास

२१। गाउँपालिकाले कृषि, पर्यटन, सञ्चार, जलविद्युत, लघुउद्यम विकास, पुर्वाधार विकास आदिको क्षेत्रमा लगानी गर्दै आएको छ। संघीयता कार्यान्वयनको पहिलो ६ वर्षको अवधिमा स्थानीय सरकारको उपस्थितिले जनतामा आर्थिक कारोबार गर्ने क्षमतामा सामान्य वृद्धि भएको छ।

२२। नगदेबाली लगायत कृषि उत्पादन, भण्डारण तथा व्यापारमा वृद्धि भएको छ। तर दैनिक उपभोग्य सामानको पैठारीमा बढोत्तरी भएसँगै गाउँपालिकाले विविध वस्तु तथा सेवाका आन्तरिक उत्पादनमा जोड दिई निकासी प्रबर्द्धन गर्नुपर्दछ।

२३। कृषि तथा पशु क्षेत्रलाई मूख्य व्यवसाय बनाई जीवन निर्वाह गरी कृषि तथा पशु क्षेत्रमा व्यवसायिकरण गर्ने कृषकलाई प्रोत्साहन गर्न प्रोत्साहन अनुदान रु. २० लाख विनियोजन गरिएको छ।

२४। गाउँपालिका भित्र माटो परीक्षण कार्यलाई निरन्तरता दिइएको छ। माटो परीक्षण कार्यको लागि रु. १ लाख विनियोजन गरिएको छ।

२५। आर्थिक विकास क्षेत्रमा रु. ५० लाख ५० हजार विनियोजन गरिएको छ।

# सामाजिक विकास

**शिक्षा युवा तथा खेलकुद**

२६। माध्यमिक तहमा शिक्षक अभाव हुन नदिने तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न गाउँपालिकाले निजी अनुदानमा ५ जना मा.वि. तहका शिक्षक व्यवस्थालाई निरन्तरता दिईएको छ। माध्यमिक तहमा निजी शिक्षक व्यवस्थापनको लागि रु. २८ लाख विनियोजन गरिएको छ।

२७। विद्यालय कर्मचारी (का.स. र लेखा) लाई नेपाल सरकार शसर्त अनुदानबाट प्राप्त तलब सुविधामा थप गर्न व्यवस्था गरिएको छ। विद्यालय कर्मचारीलाई प्रोत्साहन गर्न रु. १० लाख २७ हजार विनियोजन गरिएको छ। बालकक्षा तलब थपको लागि रु.३१ लाख विनियोजन गरिएको छ।

२८। गाउँपालिकासँग विद्यालय प्र.अ., वि.व्य.स., सि.अ.संघ र सरोकारवालाहरुसँग छलफल र अन्तर्क्रिया गर्न बजेटको व्यवस्था गरिएको छ।

२९। गाउँपालिकाले विद्यालय शिक्षा मार्फत भाषा संस्कृति प्रबर्द्धन गर्नु आवश्यक छ। शेर्पा भाषा शिक्षक व्यवस्थापनको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ। माध्यमिक विद्यालयमा परम्परागत सीप विकास तथा प्रबर्द्धन कार्यक्रमको लागि रु. ३ लाख बजेटको व्यवस्था गरिएको छ। स्थानीय पाठयक्रम निर्माणको लागि रु. ५ लाख विनियोजन गरिएको छ।

३०। नेचासल्यान गाउँपालिका वडा नं. २ मा गूरुकूल शिक्षा बटुकलाई खाना खाजाको लागि अनुदान रकमको व्यवस्था गरिएको छ।

३१। गाउँपालिकाले खेलकुदको माध्यमबाट सामाजिक आर्थिक विकास गर्ने लक्ष्य लिएको छ। गाउँपालिका भित्रका खेलाडीहरु विभिन्न खेलकुदमा सहभागीताको लागि आवश्यक बजेटको व्यवस्था गरिएका छ। गाउँपालिकामा खेलकुद कार्यक्रम सञ्चालन गर्न रु. ६ लाख ५० हजार विनियोजन गरिएको छ।

**स्वास्थ्य**

३२। गाउँपालिका भित्रै डिजिटल एक्सरे सुविधा उपलब्ध नहुँदा सामान्य दूर्घटना तथा स्वास्थ्य समस्यामा पनि नागरिकले ओखलढुंगा लगायत काठमाण्डौं जानुपर्ने अवस्था अत्यन्तै भयावह छ। यस समस्यालाई समाधान गरी नागरिकको स्वास्थ्य समस्यालाई हल गर्नु स्थानीय सरकारको दायित्व हो। डिजिटल एक्सरेको व्यवस्थापनको लागि रु. २० लाख विनियोजन गरिएको छ। साथै ल्याब सामग्री खरिद तथा व्यवस्थापनका लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३३। सुत्केरी भेटघाट कोशेली कार्यक्रम, अक्सिजन सिलिण्डर पुनर्भरण तथा ओसारपसार कार्यक्रम, ज्येष्ठ नागरिक तथा ५ वर्ष मुनीका बालबालिका घरदैलो कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ।

३४। स्वास्थ्य तर्फको सशर्त कार्यक्रमहरु कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम गाउँपालिकाको आवश्यकता र प्राथमिकता बमोजिम सञ्चालन हुनेछ।

**महिला तथा बालबालिका**

३५। गाउँपालिका भित्रका महिला समूहहरुलाई आय आर्जन प्रबर्द्धनका लागि बिउपुजीको लागि रु. ५ लाख बजेटको व्यवस्था गरिएको छ।

**३६।** घरेलु हिंसा प्रभावितका लागि जिल्ला सेवा केन्द्र सल्लेरीसँग सहकार्य र सहयोग, अन्तरपार्टी महिला सञ्जाल विस्तार तथा अभिमूखिकरण कार्यक्रमको लागि बजेटको व्यवस्था गरिएको छ ।

**३७।** बालिका बचत खाता कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

**३८।** १६ दिने लैंगिक हिंसा विरुद्धको अभियान साथै अन्तर्राष्ट्रिय नारी दिवस कार्यक्रम सञ्चालन र सहयोगको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**३९।** महिलाहरुको नेतृत्व विकास पुनर्ताजगी तालिम, न्यायिक समिति तथा मेलमिलाप कर्ताहरुको पुनर्ताजगी तालिम तथा मेलमिलापकर्ताहरुलाई प्रोत्साहनको लागि रु. ६ लाख विनियोजन गरिएको छ ।

**४०।** सामाजिक विकास तर्फ रु. १ करोड २६ लाख १८ हजार विनियोजन गरिएको छ ।

**<u>सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रः</u>**

**४१।** नेचासल्यान गाउँपालिकाको भौगर्भिक अवस्था अत्यन्तै कमजोर रहेको छ । गाउँपालिकाको कमजोर भूगोल तथा भूवनोट, महामारी लगायतबाट बेलाबेला ठूला विपद सिर्जना भई ठूलो जनधनको क्षती हुने गरेको छ । वातावरण तथा विपद व्यवस्थापनको लागि रु. २५ लाख विनियोजन गरिएको छ ।

**४२।** गाउँपालिकामा विभिन्न गैरसरकारी संघसस्थाहरुले गाउँपालिकासँगको सहकार्यमा कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ । मागमा आधारित साझेदारी कार्यक्रमको लागि आवश्यक बजेटको व्यवस्था गरिएको छ ।

**४३।** स्वास्थ्यकर्मी तथा महिला स्वास्थ्य स्वयं सेविकाहरुलाई प्रोत्साहन गर्न आवश्यक बजेटको व्यवस्था गरिएको छ । गाउँपालिकामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरुलाई प्रोत्साहन गर्न ८० प्रतिशत सम्म प्रोत्साहन भत्ताको व्यवस्था गरिएको छ ।

**४४।** गाउँपालिका भित्र आर्थिक रुपमा विपन्न, अशक्त, असाहय तथा विरामीहरुलाई कार्यविधि बमोजिम आर्थिक सहयोग गर्न रु. १७ लाख २९ हजार बजेटको व्यवस्था गरिएको छ ।

**४५।** गाउँपालिका, वडा कार्यालय तथा शाखाहरुको कार्यक्रमको विस्तृत विवरण अनुसूचीमा उल्लेख गरिएको छ ।

**४६।** गाउँपालिकामा कार्यक्षेत्र बनाई काम गर्ने गैरसरकारी संघसंस्थाहरुको कार्यक्रम विनियोजन ऐनमा उल्लेख गरिएको छ ।

**अन्तमा, बजेट निर्माणको विषयमा सहयोग गर्नुहुने नेचासल्यान गाउँपालिकाको अध्यक्ष ज्यू, वडाध्यक्ष ज्यूहरु तथा सदस्य ज्यूहरु र कर्मचारीहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । बजेट कार्यान्वयनको सन्दर्भमा सरोकारवाला सबैको साथ सहयोगको अपेक्षा गर्दछु ।**

# धन्यवाद ।

| | शीर्षक | आ.व.207९/80 को सशोधित आय | आ.व.2080/81 को प्रस्ताबित आय |
|---|---|---|---|
| **चालु खर्च** | | | |
| 1 | कर्मचारी तलब | १६१०००००० | १६,१००,०००।० |
| 2 | पदाधिकारीहरुको पारिश्रमिक तथा सुविधा | ४४०००००० | ४,०००,०००।० |
| 3 | पोषाक भत्ता | ७०००००० | ७००,०००।० |
| 4 | स्थानीय भत्ता | १५०००००० | १,८००,०००।० |
| 5 | महंगी भत्ता | १०००००००० | ८००,०००।० |
| 6 | अन्य भत्ता | २०००००० | २००,०००।० |
| 7 | कर्मचारी बैठक भत्ता | ३०००००० | ३००,०००।० |
| 8 | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ० | ५०,०००।० |
| 9 | पदाधिकारी बैठक भत्ता | २५०००००० | १,५००,०००।० |
| 10 | पदाधिकारी अन्य सुविधा | ० | ( |
| 11 | योगदानमा आधारित निबृत्तिभरण तथा उपदान कोष खर्च | ८०००००० | ३२२,५००।० |
| 12 | कर्मचारी कल्याणकोष | २०००००००० | २,०००,०००।० |
| 13 | पानी तथा बिजुली | ३५००००० | ४००,०००।० |
| 14 | संचार महशुल | १५०००००० | २,२००,०००।० |
| 15 | गाउँपालिका भित्रका सबै विद्यालयमा इन्टरनेट जडान संचार महशुल | १०००००००० | १,०००,०००।० |
| 16 | इन्धन पदाधिकारी | २०००००००० | १,५००,०००।० |
| 17 | इन्धन कार्यालय प्रयोजन | २५०००००० | ३,५००,०००।० |
| 18 | सवारी साधन मर्मत खर्च | २५०००००० | ३,५००,०००।० |
| 19 | विमा तथा नविकरण | ७०००००० | ३००,०००।० |
| 20 | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ३०००००० | ४००,०००।० |
| 21 | निर्मित सार्वजनिक सम्पत्ति मर्मत | १०००००० | १००,०००।० |
| 22 | मसलन्द तथा कार्यालय सामाग्री | २५०००००० | ३,०००,०००।० |
| 23 | इन्धन अन्य प्रयोजन | १०००००० | १००,०००।० |
| 24 | पत्रपत्रिका छपाइ तथा सूचना प्रकाशन खर्च | ३०००००००० | १,५००,०००।० |
| 25 | सेवा र परामर्श | १०००००००० | १,७००,०००।० |

| | | | |
|---|---|---|---|
| 26 | शिक्षक अभाव हुने विद्यालयमा शिक्षक नियुक्ति करार सेवा शुल्क (5 जना मा वि शिक्षक ) | २३०००००० | २,८००,०००।० |
| 27 | गाउँप्रहरी करार सेवा शुल्क | २००००००० | |
| 28 | बालकक्षा शिक्षक तलब थप | ३२७७५०० | ३,१००,०००।० |
| 29 | अन्य सबै करार सेवा शुल्क | १२७०००००० | १४,७००,०००।० |
| 30 | सरसफाइ सेवा शुल्क | १७५००० | १७५,०००।० |
| 31 | कर्मचारी तालिम खर्च | १५०००० | १५०,०००।० |
| 32 | सिप विकास तथा जनचेतना तालिम | ० | |
| 33 | अनुगमन मूल्यांकन | १५००००० | १००,०००।० |
| 34 | भ्रमण खर्च | ४५००००० | ३,५००,०००।० |
| 35 | सभा संचालन खर्च | ३००००० | ३००,०००।० |
| 36 | विविध खर्च | ३००००००० | ३,०००,०००।० |
| 37 | उद्दार राहत तथा पुनर्स्थापना | १५०००००० | १,७२९,०००।० |
| 38 | जग्गाको भाडा | ८०००००० | ८००,०००।० |
| 39 | घर भाडा | १००००००० | १,३२०,०००।० |
| 40 | सवारी साधन तथा मेशिनरी औजार भाडा | १५०००००० | १,५००,०००।० |
| 41 | सडक हेरालु | | ९००,०००।० |
| 42 | वडा कार्यालय मसलन्द प्रति वडा 10 लाख | ५००००००० | ५,०००,०००।० |
| 43 | सर्जिकल सामाग्री खरिद | | ४००,०००।० |
| 44 | स्थानीय पाठ्यक्रम निर्माण | | ५००,०००।० |
| 45 | म स्वा से को घरमा पहिचान वोर्ड | | ३५,०००।० |
| 46 | कर्मचारी प्रोत्साहन (गापा का तर्फका कर्मचारी) | | |
| 46.1 | आर्थिक प्रशासन शाखाका कर्मचारी : मासिक तलव स्केलको ८०% सम्म) | | ४००,०००।० |
| 46.2 | अन्य कर्मचारीहरू मासिक तलव स्केलको ५०% सम्म) | | १,६००,०००।० |
| | **जम्मा** | **८६७५२५००** | **८८,९८१,५००।०** |
| **पूँजिगत खर्च** | | | |
| 2 | फर्निचर तथा फिक्चर्स | ५००००० | १,०००,०००।० |
| 5 | हेभि इक्क्यूपमेन्ट खरिद रोलर, ट्राक्टर, व्याकहोलोडर | ७००००००० | ९,०००,०००।० |
| ६ | मेशिनरी औजार खरिद | १००००००० | १,०००,०००।० |
| 7 | निर्मित भवनको संरचनात्मक सुधार | १००००० | १००,०००।० |
| 8 | कम्प्युटर सफ्टवेर खरिद | १००००००० | २००,०००।० |
| **कार्यालय पुंजीगत जम्मा** | | **१४१०००००** | ११,३००,०००।० |
| **कार्यालय सचालन चालु तथा पुंजीगत कुल खर्च** | | **१००८५२५००** | १००,२८१,५००।० |

अनुसुची-२ रु.मा

| क.स | विवरण/योजना | योजनागत बजेट रू | क्षेत्रगत बजेट |
|---|---|---|---|
| | **१.पूँजीगत खर्च कोष** | | १,२०,००,०००। |
| १.१ | समपूरक कोष | ५,०००,०००।० | |
| १.२ | विद्युत व्यवस्थापन कोष | ७,०००,०००।० | |
| | **२. आर्थिक विकास** | | |
| २.१ | पशुपालन कार्यक्रम | | २,७००,०००।० |
| २.१.१ | **पशु स्वास्थ्य कार्यक्रम** | | |
| २.१.२ | अत्याबश्क औषधी खरिद | ६००,०००।० | |
| २.१.३ | सामुदायीक घरपालुवा कुकुरको स्थायी बन्धायकरण तथा रेबिज रोग बिरुद्ध खोप सचालन | ३००,०००।० | |
| २.१.४ | महिला कृषक समुह गठन तथा पुर्नरगठन गरी स्थानीय उन्नत जातको बाख्रा/बंगुरको पाठी बितरण | ५००,०००।० | |
| २.१.५ | दैनिक २० लिटर सम्म दुध उत्पादन गरि बिक्री गर्ने कृषाकलाई प्रोत्साहन कार्यक्रम | ३००,०००।० | |
| २.१.६ | व्यबसायीक प्रोत्साहन अनुदान कार्यक्रम | ७००,०००।० | |
| २.१.७ | पशुपंछी महामारी नियन्त्रण | ३००,०००।० | |
| **२.२** | **कृषि कार्यक्रम** | | २,३५०,०००।० |
| २.२.१ | सिजनल तरकारि बिउ खरिद तथा वितरण | ५००,०००।० | |
| २.२.२ | आधुनिक मौरि सहित घार वितरण तथा तोरी खेति प्रवर्दन | ४७५,०००।० | |
| २.२.३ | जैविक बिषादि तथा खाधतत्व खरिद तथा वितरण | १००,०००।० | |
| २.२.४ | फलफुल बगैचा व्यवस्थापनका लागि सेवा टेवा तालिम | २५,०००।० | |
| २.२.५ | माटो परिक्ष संचालन | १००,०००।० | |
| २.२.६ | अमिलो जात तथा अप फलफुल बगैचामा प्रोटिन बेट प्रयोग अभियान कार्यक्रम | १००,०००।० | |
| २.२.७ | आप खेती प्रवर्दन | ५०,०००।० | |
| २.२.८ | कर्षि व्यबसायिक प्रत्साहन कार्यक्रम | १,०००,०००।० | |
| २.३ | सहकारी प्रवर्द्धन | | |
| २.४ | उद्योग तथा वाणिज्य | | |
| २.५ | पर्यटन | | |
| | ३. सामाजिक विकास | | |
| ३.१ | शिक्षा | | ३,२१७,०००।० |
| ३.१.१ | माध्यमिक विद्यालय स्तरिय प्रतियोगिता | २५०,०००।० | |
| ३.१.२ | गुरुकुल शिक्षा वटुक खाना, खाजा अनुदान | २००,०००।० | |
| ३.१.३ | कक्षा ८ परीक्षा संचालन | ४००,०००।० | |
| ३.१.४ | सामूदायिक बिद्यालय प्रोत्साहन सम्मान तथा बिपन्न अनाथ बालबालिका प्रोत्साहन कार्यक्रम | २००,०००।० | |
| ३.१.५ | बिद्यालय कर्मचारी का.स. पारिश्रमिक (३५ २००० १३) | ९१०,०००।० | |
| ३.१.६ | बिद्यालय कर्मचारी लेखा पारिश्रमिक (६ १५०० १३) | ११७,०००।० | |
| ३.१.७ | शैक्षिक क्षेत्रमा कार्य गर्ने संघ संस्थासँग साझेदारी | ३००,०००।० | |
| ३.१.८ | प्रअ, विव्यास, सिअ संघ अन्तर्क्रिया | १००,०००।० | |

| | | | |
|---|---|---|---|
| ३.१.९ | शैक्षिक क्यालेन्डर निर्माण | ५०,०००।० | |
| ३.१.१० | माध्यमिक विद्यालयहरुमा परम्परागत सिप प्रवर्द्धन कार्यक्रम | ३००,०००।० | |
| ३.१.११ | भाषा शिक्षक व्यवस्थापन, शेर्पा भाषा शिक्षक ३०००० १३ | ३९०,०००।० | |
| ३.२ | स्वास्थ्य | | ५,७५१,०००।० |
| ३.२.१ | जेष्ठ नागरीक तथा ५ बर्ष मुनिका बालबालिका घरदैलो कार्यक्रम | १५०,०००।० | |
| ३.२.२ | वर्थिङ प्रोत्साहान यातायात खर्च | ३००,०००।० | |
| ३.२.३ | औषधि खरिद | २,०००,०००।० | |
| ३.२.४ | नियमित खोप तथा आकस्मिक औषधि ढुवानी | ५०,०००।० | |
| ३.२.५ | अक्सिजन सिलिण्डर पुनरभरण तथा ओसारपसार | ५०,०००।० | |
| ३.२.६ | सुत्केरी भेटघाट कोशेली १ पटक ५०० वरावर | ५०,०००।० | |
| ३.२.७ | प्रसुतिकेन्द्रमा प्रसुती भएबापत प्रतिसुत्केरी यातायात २५०० | २५०,०००।० | |
| ३.२.८ | माहामारी रोग तथा पोषण सम्बन्धी जनचेतनामुलक कार्यक्रम प्रत्येक वडा | ५०,०००।० | |
| ३.२.९ | रेविज रोग भ्याक्सिनेसन | ५०,०००।० | |
| ३.२.१० | म स्वा से मासिक यातायात खर्च १००० | ३२४,०००।० | |
| ३.२.११ | एस इ इ परिक्षा संचालन हेल्प डेस्क | १५,०००।० | |
| ३.२.१२ | डिजिटल एक्स रे | २,०००,०००।० | |
| ३.२.१३ | ल्याव सामाग्री खरिद | २५०,०००।० | |
| ३.२.१४ | सुत्केरी गराउन स्वास्थ्य संस्था ल्यायवापत म स्वा से यातायात १००० का दरले | ५०,०००।० | |
| ३.२.१५ | म स्वा से मासिक बैठक भत्ता | १६२,०००।० | |
| ३.३ | लक्षित बर्ग (महिला, जेष्ठ नागरिक, पिछडिएको जाति, आदिवासी तथा बालबालिका कार्यक्रम) | | २,०००,०००।० |
| ३.३.१ | महिला, बालवालिका | | |
| ३.३.२ | पालिका स्तरीय तिज कार्यक्रम | २५०,०००।० | |
| ३.३.३ | १६ दिने लैगिक हिंसा बिरुद्धको अभियान (१-५) | १५०,०००।० | |
| ३.३.४ | अन्तराष्ट्रिय नारी दिवस कार्यक्रम संचालन | १५०,०००।० | |
| ३.३.५ | बालिका बचत खाता निरन्तरता | १५०,०००।० | |
| ३.३.६ | नेतृत्व बिकास तालिम पुनर्ताजगि (पालिका स्तर) | ३००,०००।० | |
| ३.३.७ | अन्तरपार्टि महिला महिला संजाल बिस्तार तथा अभिमुखीकरण कार्यक्रम | १००,०००।० | |
| ३.३.८ | घरेलुहिंसा प्रभावितका लागि जिल्ला सेवा केन्द्र सहयोग | १००,०००।० | |
| ३.३.९ | न्यायिक समिति तथा मेलमिलापकर्ता (पूनर्ताजगि) तालिम | २००,०००।० | |
| ३.३.१० | मेलमिलापकर्तालाई तालिम प्रोत्साहन रकम | १००,०००।० | |
| ३.३.११ | पालिका महिला समूहलाई आय आर्जन विउपूजि (कार्यविधिका आधारमा) | ५००,०००।० | |
| ३.४ | खानेपानी तथा सरसफाई | | |
| ३.५ | संस्कृति प्रर्वद्धन | | |
| ३.६ | खेलकुद सहयोग | | १,६५०,०००।० |

| | | | |
|---|---|---|---|
| ३.६.१ | खुला भलिबल प्रतियोगिता (महिला, पुरुष) | ६५०,०००।० | |
| ३.६.२ | विभिन्न प्रतियोगितात्मक कार्यक्रम खेलाडी सहभागिता | ५००,०००।० | |
| ३.६.३ | वडा खेलकुद विकास समिति गठन तथा परम्परागत खेल संरक्षण कार्यक्रम संचालन | ५००,०००।० | |
| ४ | शुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | | |
| ४.१ | क) वातावरण तथा विपद व्यवस्थापन | २,५००,०००।० | २,५००,०००।० |
| ४.२ | ख) शुसासन तथा सूचना प्रविधि | | १,६४३,५००।० |
| २.२.१ | संचार माध्यम साझेदारी कार्यक्रम | ६००,०००।० | |
| ४.२.२ | सुचना तथा जनकारीमूलक सन्देश, विज्ञापन | ४००,०००।० | |
| ४.३.३ | सार्वजनिक सुनुवाई | ५४३,५००।० | |
| ४.४.४ | लोक कल्याणकारी बिज्ञापन कार्यक्रम | १००,०००।० | |
| ४.३ | ग) प्रबर्द्धनात्मक | | |
| ४.३.१ | मागमा आधारीत साझेदारी | २,०००,०००।० | २,०००,०००।० |
| ४.३.२ | संघ संस्था साझेदारी | | |
| ५ | पूर्वाधार विकास | | २०,०००,०००।० |
| ५.१ | प्रशासनिक भवन निर्माण | १५,०००,०००।० | |
| ५.२ | वडा कार्यालय प्रशासनिक भवन निर्माण | ४,०००,०००।० | |
| ५.३ | सडक मर्मत कोष | १,०००,०००।० | |
| ५.४ | **गाउपालिका स्तरीय योजना** | | १५,४००,०००।० |
| | **वडा नं. १** | | |
| १ | कुसुम थुतेन गुम्वा निर्माण क्रमागत वडा नं. १ | ८००,०००।० | |
| २ | किरात भुमेथान निर्माण क्रमागत | ८००,०००।० | |
| ३ | मगर गुठि समाज सेवा भवन निर्माण क्रमागत | ८००,०००।० | |
| ४ | जिम्बिर पत्ताले सडक ट्याक ओपन (गतबर्षको दायित्व) | ८००,०००।० | |
| | | | |
| | **वडा नं. २** | | |
| १ | थुलङ्सुसास्कृतिक संग्रहालय निर्माण क्रमागत | ८००,०००।० | |
| २ | सामुदयिन भवन निर्माण क्रमागत | १,२००,०००।० | |
| ३ | ऋषि भारद्वाज सामूदायिक भवनकुल पुरश्चरण भवन निर्माण क्रमागत | ८००,०००।० | |
| | **वडा नं. ३** | | |
| १ | नवग्रह बाटीका निर्माण क्रमागत | ५००,०००।० | |
| २ | हिमालदर्शन क्याम्पस | ५००,०००।० | |
| ३ | बाहिङ मुलिख्वाम भवन निर्माण क्रमागत | १,०००,०००।० | |
| ४ | गणेशमान स्मिृति प्रतिष्ठान | ५००,०००।० | |
| ५ | शहिद नरनाथ आवि सिढि निर्माण | ३००,०००।० | |
| ६ | कैलाशेश्वर मन्दिर/पूजारी व्यवस्थापन | २००,०००।० | |

| | | | |
|---|---|---|---|
| | **वडा नं. ४** | | |
| १ | थुलडुसामा भवन निर्माण | १,०००,०००।० | |
| २ | सगरमाथा बाघखोर तिमोथि मोड सडक ट्र्याक ओपन | ८००,०००।० | |
| ३ | खेलमैदान निर्माण | १,०००,०००।० | |
| ४ | हावा आउने ओडार संरक्षण | १००,०००।० | |
| | **वडा नं. ५** | | |
| १ | गैरी आलुचिस्यान केन्द्र भवन निर्माण | १,०००,०००।० | |
| २ | नाम्लो खालिङ गाउ तिनकन्या डिक स्तरोन्नती क्रमागत | ८००,०००।० | |
| ३ | नाम्लो-भल्लाम-रानीवन-गजेखोला सडक स्तरोन्नती | १,२००,०००।० | |
| ४ | रिन्जिलिम लङ्से पुछार सिचाई कुलो निर्माण | ५००,०००।० | |
| ६ | कार्यालयमा कागजात पेशभई सफ्टवेयरका कारण भुक्तान हुन नसकेका सम्पन्न योजना तथा कार्यक्रमहरु (आ.व. ०७९/०८० को दायित्व भुक्तानी) | | ४,०५०,०००।० |
| १ | रुंगा हुदै पुछरगाउ सडक रोलिङ, वडा नं. १ | ६३०,०००।० | |
| २ | ह्यूम पाईप खरीद तथा जाली व्यवस्थापन थप रकम वडा नं. १ | १२०,०००।० | |
| ३ | ठाडोखोला देखी न्याम्ले सडक स्तरोन्नती वडा नं. १ | २००,०००।० | |
| ४ | जम्मुखोला करकल्नी मुहान खाल्ले चुहान खानेपानी मर्मत, वडा नं. ३ | ८७,०००।० | |
| ५ | धरमपानी कुवा घामेडाडा प्रतिक्षलय निर्माण वडा नं. ४ | १५०,०००।० | |
| ६ | थुलडुसामा भवन निर्माण क्रमागत वडा नं. ४ | ५६०,०००।० | |
| ७ | केदार मावि अपुग रकम थप, वडा नं. ४ | २,०००,०००।० | |
| ८ | सगरमाथा आवि फर्निचर व्यवस्थापन वडा नं. १ | ५०,०००।० | |
| ९ | गौरी शंकर गुरुकुल बेद विद्याआश्रम वडा नं. २ | १००,०००।० | |
| १० | जेष्ठ नागरिक संजाल वडा नं. ५ | १०३,०००।० | |
| ११ | शहिद स्मृति आवि, वडा नं. १ | ५०,०००।० | |
| | जम्मा | ७५,२६१,५००।० | ७५,२६१,५००।० |
| | वडा कार्यालय पूजिगत | २७,५००,०००।० | २७,५००,०००।० |
| | चालुखर्च जम्मा | १००,२८१,५००।० | १००,२८१,५००।० |
| | शशर्त तर्फ जम्मा | २५८,७७५,०००।० | २५८,७७५,०००।० |
| | कुल जम्मा | ४६१,८१८,०००।० | ४६१,८१८,०००।० |
| ७ | **वडा सिलिङ** | | २७,५००,०००।०० |
| | **वडा नं. १** | | |
| **सि.नं.** | **कार्यक्रम** | **बजेट** | |
| | **सामाजिक विकासः-** | | |
| | क. शिक्षा | | |
| १ | भुमेश्वरी मा.वि. मा कोचिङ तथा व्यवस्थापन | १००,०००।० | |
| २ | आधारभुत तहका विद्यालयहरुमा खेलकुद तथा शैक्षिक सामाग्री खरिद तथा वितरण | १००,०००।० | |
| ३ | विद्यालयमा घुम्ती अतिरिक्त कार्यक्रम सन्चालन | ६०,०००।० | |

| | | | |
|---|---|---|---|
| | ख. स्वास्थ्य | | |
| ४ | स्वास्थ्य संस्थाहरु व्यवस्थापन | १००,०००|० | |
| | ग. महिला, जेष्ठ नागरिक, पिछडीएको जाती, आदिवासी जनजाती तथा बालबालिका कार्यक्रम | | |
| | **महिला कार्यक्रमः-** | | |
| ५ | महिला क्षमता अभिबृद्धि तथा उद्घघोषण तालिम सन्चालन | १००,०००|० | |
| | **जेष्ठ नागरिक कार्यक्रमः-** | | |
| ६ | हर्लिक्स खरिद तथा वितरण | १००,०००|० | |
| | **बालबालिका कार्यक्रमः-** | | |
| ७ | भुमेश्वरी मा.वि. मा खेलकुद तथा शैक्षिक सामाग्री खरिद तथा वितरण | १००,०००|० | |
| | **पिछडिएको जाती कार्यक्रमः-** | | |
| ८ | दलित प्लाष्टिक कुर्सि टेवल र पाल खरिद तथा वितरण | १००,०००|० | |
| ९ | अपाङ्गहरुलाई ग्यास चुलो खरिद तथा वितरण | १००,०००|० | |
| | **आदिवासी जनजाती कार्यक्रमः-** | | |
| १० | शेर्पा संस्कृतिक गित लेखन | १००,०००|० | |
| ११ | सेरो पुछार सुबु भुमे व्यवस्थापन | १००,०००|० | |
| | घ. खानेपानी तथा सरसफाई | | |
| १२ | खानेपानी पाईप माग भएका निवेदन अनुसार खरिद तथा वितरण | १००,०००|० | |
| १३ | जन्तेरु खानेपानी व्यवस्थापन | १००,०००|० | |
| | ङ. संस्कृति प्रर्वद्धन | | |
| १४ | भेडिखोर मन्दिरमा शौचालय निर्माण | १००,०००|० | |
| १५ | वडा नं. १ को डकुमेन्ट्री निर्माण | १००,०००|० | |
| | च. खेलकुद | | |
| १६ | टारी खेलमैदान व्यवस्थापन | १००,०००|० | |
| | **१. पुर्वाधार विकासः-** | | |
| | क. सडक | | |
| १७ | जिब्ली पुल छेउमा जाली भर्ने तथा सडक स्तरोन्नती | ५००,०००|० | |
| १८ | दंखु खोलामा ह्युम पाईप, कजवे तथा सडक स्तरोन्नती | ५००,०००|० | |
| १९ | राउत डाँडा गुगुर्दी खोला ट्र्याक ओपन तथा स्तरोन्नती | ५००,०००|० | |
| २० | जिम्बिर सडक सोलिङ | १५०,०००|० | |
| २१ | सोलिङमा माटो तथा चोकर लगाउन ट्याक्टर तथा टिपर प्रयोग | १००,०००|० | |
| २२ | सन्चालनमा रहेका सबै सडकहरुमा सरसफाई (डोर हाजीरीबाट काम हुने) | ४०,०००|० | |
| | ख. सिंचाई | | |
| २३ | न्याम्ले खोला मुहान गैरी गाँउ चुहान सिंचाई | १००,०००|० | |
| २४ | केरुकी मुहान निरौला ढुङ्गाना गाँउ चुहान सिंचाई तथा गोरेटो बाटो निर्माण | १००,०००|० | |
| २५ | केन्द्रिय प्रसारण लाईनमा मिटर, कनेक्टर, एमसिबी तथा तार व्यवस्थापन | १,४००,०००|० | |
| २६ | **वातावरण तथा विपद व्यवस्थापन र अन्य विविध** | ५५०,०००|० | |

| | | | |
|---|---|---|---|
| | **वडा नं. २** | | |
| | **सामाजिक विकास** | | |
| १ | गैराटोल खानेपानी मर्मत, दोदी | ५०,०००।० | |
| २ | ढल निर्माण चौतारा | ३००,०००।० | |
| ३ | खानेपानि टंकी निर्माण रिदु | २००००० | |
| ४ | कात्तिके टंकी निर्माण | ५०,०००।० | |
| | **संस्कृति प्रर्वद्धन** | | |
| १ | जलकन्या देबीथान मर्मत | ५०,०००।० | |
| २ | चंचलामाइ देवी मंदिर व्यस्थापन | १००,०००।० | |
| ३ | पन्चकन्या कैलाश्वरी सिढी निर्माण | ३००,०००।० | |
| ४ | राइ भूमे निर्माण, साविक १ | १००,०००।० | |
| ५ | दलित देवाली मण्डप रंग रोगन | १००,०००।० | |
| ६ | शिवमन्दिर पूजाआजा व्यवस्थापन | १२०,०००।० | |
| | **पूर्वाधार विकास** | | |
| १ | सिठाघारी मसानघाट ट्रयाक ओपन | २८०,०००।० | |
| २ | बिष्णछाया नुन्थला नागढुंगा सडक ट्रयाक ओपन | ३००,०००।० | |
| ३ | खोक ट्रयाक ओपन | १५०,०००।० | |
| ४ | दुधकोशी क्याम्पस सडक ट्रयाक ओपन | १५०,०००।० | |
| ५ | प्राथमिक स्वास्थ्य केन्द्र ट्रयाक ओपन | १५०,०००।० | |
| ६ | ओखरबोट सडक ट्रयाक ओपन | २००,०००।० | |
| ७ | गैराटोल भवन निर्माण | ८००,०००।० | |
| ८ | केराबारी सडक ट्रयाक ओपन | ३००,०००।० | |
| ९ | नेवार आर्यघाट जानेबाटो निर्माण | १५०,०००।० | |
| १० | बोल्दुपधेरो निर्माण | ५०,०००।० | |
| ११ | दाल्दुगेट फुलबारी निर्माण | १००,०००।० | |
| | **सिंचाइ** | | |
| १ | दाल्दुखोला मुहान सिरुपाते चुहान | १५०,०००।० | |
| २ | लेकुमुहान बिरौटा चुहान सिंचाई | ५०,०००।० | |
| | **लक्षित बर्ग** | | |
| १ | महिला आयआर्जन कार्यक्रम | १००,०००।० | |
| २ | जेष्ठनागरिक | १००,०००।० | |
| ३ | अपांग | १००,०००।० | |
| ४ | पिछडिएको जाती | १००,०००।० | |
| ५ | आदीवासी | १००,०००।० | |
| ६ | बातावरण तथा विपद व्यवस्थापन | १,०००,०००।० | |
| | | | |

| | | | |
|---|---|---|---|
| | **वडा नं. ३** | | |
| क | **लक्षित समुह - लैगिंक समानता तथा सामाजिक समाबेशिकरण** | | |
| १ | जनजाती | १००,०००1० | |
| २ | जेष्ठ नागरिक | १००,०००1० | |
| ३ | दलित | १००,०००1० | |
| ४ | महिला | १००,०००1० | |
| **ख** | **खानेपानी तथा सरसफाई** | | |
| १ | काली पोखरी खानेपानी मुहान मर्मत तथा पाईप व्यवस्थापन | १५०,०००1० | |
| २ | कुपसुरा खानेपानी ट्याङ्की निमार्ण | १००,०००1० | |
| ३ | भैसे खोला कुवा व्यवस्थापन | ५०,०००1० | |
| ४ | खनेपानी व्यवस्थापन साविक नेचा बेतघारी गा.वि.स. वडा नं.३ | १००,०००1० | |
| ५ | ठेकि मुहान गाउँपालिका चुहान खानेपानी पाईप व्यवस्थापन | ४००,०००1० | |
| **ग** | **पुर्वाधार विकाश** | | |
| १ | कैलाश दमाई र युवराज बास्तोलाको घर छेउ खोलामा तारजाली व्यवस्थापन | १००,०००1० | |
| २ | पण्डित चौतारा बुङथारु सडक स्तरउन्नती | ३००,०००1० | |
| ३ | साविक नेचा बतासे गा.वि.स. भवन देखी दापसुङवा डाँडा देविथान सम्म घोरेटो बाटो मर्मत | २००,०००1० | |
| ४ | घट्टेपुङ यात्रु प्रतिक्षालय निमार्ण | ५०,०००1० | |
| ५ | गैरिबजार बास्तोला टोल सडक स्तरउन्नती | ४००,०००1० | |
| ६ | शंखे पिपल देखी टारी हुँदै मसान घाट जाने घोरेटो बाटो मर्मत | २००,०००1० | |
| ७ | बिहिबारे बजार दलित बस्ति हुँदै सि.एम.सी भवन सम्म घोरेटो बाटो मर्मत | १००,०००1० | |
| ८ | कामी खोला देखी आचार्यको घर सम्मको घोरेटो बाटो मर्मत | ८०,०००1० | |
| **घ** | **सिंचाई तथा कुलो** | | |
| १ | जम्बु खोला मुहान गहते चुहान कुलो मर्मत | १००,०००1० | |
| २ | ओखे खोला मुहान तिनघरे खोल्सी चुहान कुलो मर्मत | १००,०००1० | |
| ३ | उजेली खोला मुहान भई गैरागाउँ भ्याखेत चुहान कुलो मर्मत | १००,०००1० | |
| ४ | जामुने खेत मुहान भदौरे चुहान कुलो व्यवस्थापन | १००,०००1० | |
| ५ | उजेली खोला मुहान रैकर हुँदै गुयले चौर कुलो मर्मत | १००,०००1० | |
| ६ | पहिरे मुहान बान्द्रे चुहान कुलो मर्मत | ५०,०००1० | |
| ७ | जम्बु खोला नागथान मुहान खाल्डे चुहान कुलो मर्मत | १००,०००1० | |
| **ङ** | **उर्जा** | | |
| १ | केन्द्रिय विद्युत प्रसारण लाईनको लागी उपभोक्ताको घर सम्म पुर्याउने कालो तार खरिद | ४००,०००1० | |
| **च** | **स्वास्थ्य** | | |
| १ | नेचा बतासे स्वास्थ्य चौकी जेष्ठ नागरिक निशुल्क सुगर जाँच | १०,०००1० | |

| | | | |
|---|---|---|---|
| २ | नेचा बेतघारी स्वास्थ्य चौकी जेष्ठ नागरिक निशुल्क सुगर जाँच | १०,०००।० | |
| ३ | नेचा बतासे स्वास्थ्य चौकी निशुल्क गर्भवती जाँच | ५,०००।० | |
| ४ | नेचा बतघारी स्वास्थ्य चौकी निशुल्क गर्भवती जाँच | ५,०००।० | |
| ५ | नेचा बतासे स्वास्थ्य चौकी भवन मर्मत संभार | १८०,०००।० | |
| ६ | नेचा बेतघारी स्वास्थ्य चौकी सडक व्यवस्थापन | २००,०००।० | |
| ७ | नेचा बेतघारी स्वास्थ्य चौकी खानेपानी व्यवस्थापन | १०,०००।० | |
| **च** | **संस्कृती प्रर्वद्धन** | | |
| १ | भट्टराई कुल सेवा समिती | १५०,०००।० | |
| २ | शिव मन्दिर बन्दिबारी प्रतिक्षालय मर्मत | १००,०००।० | |
| ३ | बंशेबारी स्थित राउत कुल देवालीथान व्यवस्थापन | १५०,०००।० | |
| ४ | डाँडा गाउँ गणेश मन्दिर व्यवस्थापन | ५०,०००।० | |
| ५ | ज्वालामुखी ज्वालामाई मन्दिर व्यवस्थापन | १००,०००।० | |
| **छ** | **खेलकुद** | | |
| १ | खेलाडी व्यवस्थापन मसलन्द | १००,०००।० | |
| **ज** | **विविध** | | |
| १ | डायनामिक यूथ क्लब सामाग्री व्यवस्थापन | १५०,०००।० | |
| २ | बिपद व्यवस्थापन तथा भैपरि आउने कार्यका लागि | ६००,०००।० | |
| | **वडा नं. ४** | | |
| | **सामाजिक विकास** | | |
| १ | ज्येष्ठ नागरिक | २००,०००।० | |
| २ | अपाङ्ग | १००,०००।० | |
| ३ | दलित | १००,०००।० | |
| ४ | महिला | १००,०००।० | |
| ५ | थुलङुसामा खाडी बुनाई बिउ पुँजी अनुदान | १००,०००।० | |
| | **पुर्वाधार विकास** | | |
| १ | रुवा पँधेरो देखि फुर्के पोखरी जाने गोरेटो बाटे मर्मत | १५०,०००।० | |
| २ | कुइलोमोड अमलबोट सडक स्तरोन्नती | ५००,०००।० | |
| ३ | सामदायिक अस्पताल हुँदै भँगेरी बस्ती सडक स्तरोन्नती | ५००,०००।० | |
| ४ | सोखुखोल्सी छेउ घर तथा सडक संरक्षण | २००,०००।० | |
| ५ | पिङडाँडा मोड सडक स्तरोन्नती | १५०,०००।० | |
| ६ | बुर्सिकु ओडारे गारेरेटोबाटो निर्माण | ५०,०००।० | |
| ७ | पोखरे सिंचाइ कुलो निर्माण | ५००,०००।० | |
| ८ | साततले तेश्रो डुँडकुलो निर्माण | ३००,०००।० | |
| ९ | खरबारी खानेपानी संरक्षण | ५०,०००।० | |
| १० | सिंहदेवी शौचालय निर्माण | ५०,०००।० | |
| ११ | पुरानोखानी मुलिघर प्लास्टर तथा शौचालय निर्माण | २००,०००।० | |

| | | | |
|---|---|---|---|
| १२ | थुम्की मुलिघर शौचालय तथा वाल निर्माण | १५०,०००।० | |
| १३ | सामुदायिक अस्पताल गेट निर्माण तथा घेराबार | ५००,०००।० | |
| १४ | फुर्के सामुदायिक वन भवन भुइ ढलान | १००,०००।० | |
| १५ | बास्तोला देवाली थान निर्माण | २००,०००।० | |
| १६ | ४ नं. वडा स्तरिय खेल मैदान निर्माण | ५००,०००।० | |
| १७ | खेलाडि व्यवस्थापन तथा मसलन्द | १००,०००।० | |
| १८ | सगरमाथा आ.वि. जनशक्ति व्यवस्थापन | १००,०००।० | |
| १९ | विपद व्यवस्थापन तथा भैपरि कार्य संचालन | ६००,०००।० | |
| | **वडा न ५** | | |
| | **कृषि कार्यक्रम** | | |
| १ | जैविक विषादि अर्गानिक मल, फलफूल कटिङ, तरकारी बालिहरुमा मलको प्रयोग र व्यवस्थापन सम्वन्धी तालिम | १५०,०००।० | |
| २ | संजिवनी नमुना सिकाई केन्द्र (नमूना कृषि कार्यक्रम) | २५०,०००।० | |
| | **महिला, जेष्ठ नागरिक, पिछडिएको जाति, आदिवासी तथा बालबालिका कार्यक्रम** | | |
| १ | महिला कार्यक्रम | १००,०००।० | |
| २ | जेष्ठ नागरिक कार्यक्रम | १००,०००।० | |
| ३ | फरक क्षमता कार्यक्रम | १००,०००।० | |
| ४ | दलित कार्यक्रम | १००,०००।० | |
| ५ | आदिवासी जनजाति कार्यक्रम वडा नं.५ | १००,०००।० | |
| | **खानेपानी तथा सरसफाई** | | |
| १ | पातिखर्क, माथिल्लो नेमवाक खालिङगाऊँ, मुलखर्क, धर्जने, बिरौटे खोप केन्द्र लगायत अन्य प्राविधिक लगत स्टिमेट तथा वडा समितिको निर्णय अनुसार खानेपानी निर्माण तथा व्यवस्थापन संरक्षण | १,३००,०००।० | |
| | **संस्कृति प्रर्वद्धन** | | |
| १ | खालिङगाउँ सुबुथान घेराबार तथा संरक्षण | २००,०००।० | |
| २ | साम्वुरु सुबुथान तार घेरावार तथा संरक्षण | २००,०००।० | |
| ३ | नेचासल्यान वडा नं. ५ सिम्ले शिव मन्दिर निर्माण | ४००,०००।० | |
| ४ | वाक्सा सुबुथान तार घेरावार फ्रेवा | २००,०००।० | |
| ५ | लामा डाँडा माने मर्मत तथा संरक्षण | २००,०००।० | |
| | **पूर्वाधार विकास** | | |
| १ | गैरी गणेस्थान ज्यानी पसल वाँकी सडक ट्र्याक ओपन तथा स्तर उन्नति | ३५०,०००।० | |
| २ | सेन्चिपुम फ्रेवा सडक स्तरउन्नति तथा कुलो निर्माण | ३५०,०००।० | |
| ३ | खुनेखैरे , रुमाटार सडक ट्र्याक ओपन | ४००,०००।० | |
| ४ | नवज्योति महिला तथा पुरुष कृषक समुह माझगाउँ फर्निचर व्यवस्थापन | १००,०००।० | |
| ५ | साझा कल्याण कोष नाम्लो फर्निचर व्यवस्थापन तथा खरिद | १५०,०००।० | |
| | **वातावरण व्यवस्थापन/विविध** | | |
| १ | वातावरण व्यवस्थापन/विविध वडा समितिको निर्णय अनुसार | ७५०,०००।० | |